



PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

epratekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ असार ३१ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 July 15 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३१७

## वीरगंजमा पार्क निर्माण अफाप साबित

प्रस, वीरगंज, ३० असार/

वीरगंज महानगरपालिकालाई पार्क निर्माण फापेको छैन। तीन दशक पहिले लक्ष्मणवामा बनेको वीरेन्द्र पार्क हालसम्म सञ्चालनमा आउन सकेको छैन।

शहरी क्षेत्रभन्दा बाहिर भएकोले सो पार्क अहिलेसम्म सञ्चालनमा आउन नसकेपछि त्यहाँ कालिका कन्स्ट्रक्शनको कार्यालय सञ्चालन गराइएको छ। विगत केही वर्षदेखि वीरेन्द्र पार्कमा कालिकाले डेरा जमाएर बसेको छ।

यसैगरी, करीब २५ वर्ष पहिले वीरगंज महानगरको स्वामित्वमा आएको विपी उद्यान पनि अहिलेसम्म निर्माण नै हुन सकेको छैन। दश वर्ष पहिले विपी उद्यान निर्माणको लागि महानगरपालिकाले डिपिआर तयार गरेको थियो। सो डिपिआर अनुसार अहिले बल्ल पर्खाल लगाउने र ढलान गर्ने काम शुरू भएको छ। करीब रु एक अर्ब लगानी लाग्ने विपी उद्यानमा अहिले अढाई दशकपछि बल्ल रु तीन करोड २० लाखको लगानीमा निर्माण कार्य भइरहेको छ।


चिल्ड्रेन पार्क
वीरेन्द्र (लक्ष्मणवा) पार्क
विपी उद्यान

शहरी सघन तथा भवन निर्माण आयोजना अन्तर्गत निर्माण शुरू भएको विपी उद्यानमा जग्गाको विषय र निर्माणको विषयलाई लिएर छुट्टाछुट्टै परेको रिटमा अदालतले रोक्का आदेश जारी गरेको छ। ११ सय मिटर पर्खाल निर्माणमा ८ सयजति सम्पन्न भएको र ४ हजार वर्गफिट ढलान कार्यमा ३४ सय वर्गफिट ढलान भइसकेको र ६ सय वर्गफिट ढलान हुन बाँकी हुँदा अदालतले रोक्का गरेको छ।

यसैगरी, मझौला शहर एकीकृत वातावरणीय सुधार आयोजना अन्तर्गत एशियाली विकास बैंकको सहयोगमा माईराम पोखरीमा निर्माण गरिएको चिल्ड्रेन पार्कको उद्घाटन भएको पनि तीन वर्ष बितिसकेको छ। नगरप्रमुख विजयकुमार सरावगीले २०७५ असोज २० गते चिल्ड्रेन पार्कको उद्घाटन गरेका थिए। तर उद्घाटन भएको तीन वर्ष भइसक्दा पनि महानगरपालिकाले पार्क सञ्चालनमा ल्याउन सकेको छैन। सो पार्कमा बिहान मर्निङ वाक गर्नेबाहेक कुनै पनि गतिविधि हुन सकेको छैन। त्यहाँ बनेका भौतिक संरचनाहरू एकपछि अर्को बिग्रने क्रममा छन्।

निजी क्षेत्रको संलग्नतामा पार्क सञ्चालन गर्ने महानगरको योजना अनुसार सिलबन्दी टेन्डर निकाल्दा पनि कसैले टेन्डर भरेन।

## वीरगंजमा ३० वटा सिसिटिभी क्यामरा बिग्रियो

नितेश कर्ण, वीरगंज, ३० असार/

वीरगंज महानगरपालिकामा जडान भएका सिसिटिभी क्यामरामध्ये ३० वटा क्यामरा सञ्चालनमा छैनन्।


सिसिटिभी नियन्त्रण कक्ष। तस्वीरः प्रतीक

जिल्ला प्रहरी कार्यालय, पर्साले उपलब्ध गराएको तथ्याङ्क अनुसार महानगर क्षेत्रका २० स्थानमा ८२ वटा क्यामरा जडान भएकोमा अहिले ५२ वटा मात्र चालू अवस्थामा छन्। १५ वटा क्यामरा मरम्मत गरेर काम लाग्ने खालका छन् भने ९ वटा पुरानो भएर काम नलाग्ने अवस्थाका छन्।

त्यसैगरी, दुईवटा आगो लागेर र चारवटा चटयाङले नष्ट भएका छन्।

वीरगंज महानगरपालिका र वीरगंज उद्योग वाणिज्य सङ्घले सेफर वीरगंजमार्फत जिल्ला प्रहरी कार्यालय, पर्साले अनुगमन गर्ने गरी सिसिटिभी क्यामरा जडान गरेका थिए।

वीरगंजका माईस्थान, हिमालयन बैंक, लाठगल्ली, महावीर मन्दिर, आदर्शनगर चोक, सनराइज बैंक, लोहारपट्टी, घडीअर्वा, अलखियारोड, मकालुचोक, नबिल बैंक, काली मन्दिर, एभरेस्ट/ग्लोबल बैंक, जिप्रका गेट, पुरानो बसपार्क, एसबिआई बैंकलगायतका ठाउँमा सिसिटिभी क्यामरा जडान भएका छन्।

मरम्मत गरिएका क्यामरा जडित क्षेत्रमैं लगाउने कार्यक्रम छ भने थप क्यामरा जडान गर्ने पहल पनि भइरहेको बताइएको छ।

सिसिटिभी क्यामरा जडित क्षेत्रमा हुने अपराधको अनुसन्धानमा प्रहरीलाई ठूलो सहयोग पुग्दै आएको छ।

पत्रकार तथा सञ्चारमाध्यमले बालबालिकासम्बन्धी सामग्री सङ्कलन तथा सम्प्रेषण गर्दा बाल संवेदनशीलता प्रतिकूल हुने गरी कार्यहरू गर्नुहुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## मूल्यवृद्धि फिर्ता गर्नुपर्ने माग राख्दै प्रदर्शन

प्रस, वीरगंज, ३० असार/

संयुक्त विद्यार्थी समूह, पर्साले पेट्रोलियम पदार्थ मूल्यवृद्धिविरुद्ध प्रदर्शन गरेको छ। नेपाल आयल निगम शाखा कार्यालय, वीरगंजमा विद्यार्थी समूहले पेट्रोलियम पदार्थको मूल्यवृद्धि फिर्ता गर्नुपर्ने माग गर्दै धर्ना, प्रदर्शन गरेका थिए।

सरकारले इन्धनको मूल्यवृद्धि गर्दै आएकोमा आम उपभोक्ताको ढाड सेकिएको भन्दै विद्यार्थी समूहले मूल्यवृद्धिको माग फिर्ता गर्नुपर्ने माग गरेका हुन्।

हालै सरकारले इन्धन मूल्यवृद्धि गर्दा पेट्रोल प्रतिलिटर १२९, डिजेल ११२ र ग्यासमा रु २५ बढाएपछि ग्यास प्रतिसिलिन्डरको १४०५ पुगेको छ।

## नेपाल–भारत सीमा क्षेत्रमा खोलाको बहाव मोडेपछि छपकैयाका सयौं बिघा कटानमा

प्रस, परवानीपुर, ३० असार/

श्रीसिया खोलामा भारतीयले पक्की भ्याङ बनाएपछि नेपाली भूभागलाई खोलाले कटान गर्न शुरू गरेको छ। वीरगंज महानगरपालिकाको वडा नं १ छपकैयास्थित सयौं बिघा जग्गा खोलाले कटान गर्ने क्रम शुरू गरेको छ। भारतीयको बदमाशीका कारण वीरगंज–रक्सौल बग्ने श्रीसिया खोलाले नेपाली भूभाग कटान शुरू गरेको हो। सीमा स्तम्भ ३९१ र ३९२ बीचको जग्गा कटान गर्दै खोलाले अहिले छपकैयाको सयौं बिघा जग्गा कटान गर्ने जोखिम बढेको छ।


खोलाको अनुगमन गर्दै टोली। तस्वीरः प्रतीक

भारतीय सीमा क्षेत्रमा रहेका ब्रह्मबाबा र सातोमाई मन्दिरलाई जोडेर श्रीसिया खोलासम्म पक्की भ्याङ निर्माण भएपछि खोलाले पहिलेको स्थानबाट बहाव परिवर्तन गर्दै नेपाली भूभागतर्फ मोडिएको स्थानीयहरूको भनाइ छ। यस विषयमा स्थानीय जनप्रतिनिधिले कुनै चासो नदेखाएकाले स्थानीयले गुनासो गरेपछि नेकपा माओवादी केन्द्र वीरगंज नगर कमिटी अध्यक्ष रहबर अन्सारीको सक्रियतामा सुरक्षा अधिकारी र सञ्चारकर्मीहरूले सो क्षेत्रको स्थलगत अनुगमन गरेका थिए।

पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डे, सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, दलका नेता, सञ्चारकर्मी सम्मिलित टोलीलाई प्रभावित स्थानीयहरूले सो खोलाले नेपाली भूभाग कटान गरिरहेको समस्या अवगत गराएका थिए। नेपाल–भारत संयुक्त नापी टोलीले सीमा क्षेत्रमा सीमा राख्ने काम हाल स्थगित गरे तापनि भारतीय एसएसबीले चेकपोस्टको नाममा सीमास्तम्भ गाडेको स्थानीयले बताए।

नेकपा माओवादी केन्द्र वडा नं १ का अध्यक्ष रवीन्द्र महतो कोइरीले भारतीय एसएसबीले सीमामा पटक–पटक दुःख दिने गरेको र नेपालतर्फका जनप्रतिनिधिहरूले पनि छपकैया वडा नं १ का नागरिकलाई न्यायोचित व्यवहार नगरेको गुनासो गरे। जितेर गएका जनप्रतिनिधिहरूले पनि राजनीतिक पूर्वाग्रह राख्ने गरेकाले आफूहरूको आवाज कसैले नसुन्ने गरेको उनीहरूले आरोप लगाए।

## विद्यालय सञ्चालनमा ल्याउन प्याब्सनको पहल जारी

प्रस, वीरगंज, ३० असार/

वीरगंज महानगरको शैक्षिक गतिविधि सुचारु गर्ने पहललाई प्याब्सन पर्साले निरन्तरता दिएको छ।


विद्यालय सञ्चालनको लागि प्याब्सन, पर्साले प्रजिअ पीताम्बर घिमिरेलाई ज्ञापन बुझाउँदै। तस्वीरः फाइल

सोही क्रममा बुधवार प्याब्सन पर्साको टोलीले वीरगंज महानगरका प्रमुख विजयकुमार सरावगीसँग भेटेर विद्यालय सञ्चालनको लागि ध्यानाकर्षण गराएको थियो।

नगरप्रमुख सरावगीले महानगरपालिका विद्यालय सञ्चालन गर्ने विषयमा सकारात्मक रहेको बताए। उनले महानगरको शिक्षा महाशाखाले असार १ गतेदेखि भौतिकरूपमा विद्यालय सञ्चालनमा ल्याउने गरी निर्णय गरेको बताए। उनले कक्षा ८ देखि १२ सम्म भौतिकरूपमा उपस्थिति गराएर विद्यालय सञ्चालनमा ल्याउन महानगरले गरेको प्रयास सफल नभएको बताए। उनले शिक्षा मन्त्रालयले मापदण्ड निर्धारण गरेर विद्यालय सञ्चालनको लागि स्वीकृति दिए पनि स्वास्थ्य मन्त्रालयले अहिलेसम्म सो सम्बन्धमा स्वीकृति प्रदान नगरेकोले विद्यालय सञ्चालनमा आउन नसकेको बताए।

प्याब्सनको टोलीले प्रमुख जिल्ला अधिकारी पीताम्बर घिमिरेको पनि ध्यानाकर्षण गराएको थियो। यसअघि पनि प्याब्सनले प्रजिअलाई लिखित ज्ञापनपत्र बुझाएको थियो। प्रजिअ घिमिरेले स्वास्थ्य मन्त्रालयबाट निर्देशन नआएको कारण विद्यालय सञ्चालनमा कठिनाइ भएको बताए।

पर्सा जिल्लाको कुनै पनि पालिकामा अहिले वैधरूपमा विद्यालय सञ्चालनमा छैनन्।

वीरगंज महानगरमा आठ/दश वटा विद्यालय विगत केही दिनदेखि लुकीछिपी सञ्चालनमा रहेको समाचार आएपछि प्याब्सनले सूचना जारी गरेर विद्यालय सञ्चालन गर्नेहरूलाई सोबाट हुने दुर्घटनाको प्याब्सन जिम्मेवार नहुने बताएपछि ती विद्यालयहरू पनि हिजो मङ्गलवारदेखि बन्द भएका थिए।

स्रोतका अनुसार केही विद्यालय विनापोशाक बिहान ६ बजेदेखि सञ्चालनमा थिए। प्याब्सनको अनुगमनमा सो कुरा पुष्टि भएपछि प्याब्सनले सूचना जारी गरेको हो।

बारा जिल्लामा हिजोदेखि निषेधाज्ञा हटाउँदै शैक्षिक गतिविधि सञ्चालनको लागि स्थानीय तहसँग समन्वय गरेर खोल्न पाउने निर्णय भएसँगै प्याब्सन पर्सा पनि जिल्लामा विद्यालय सञ्चालनको लागि तातेको हो।

पर्सा जिल्लामा १४ वटा पालिकामध्ये वीरगंज महानगरपालिकाले मात्र विद्यालय सञ्चालनको लागि एक महीनाअगावै स्वीकृति दिएको हो। अन्य पालिकाहरू भने मन्त्रिपरिषद्को निर्णय कुरेर बसेका छन्। लामो समयदेखि विद्यालय बन्द हुँदा विद्यार्थीहरूले पढेका कुरा पनि बिर्सन सक्ने र सबैको पहुँच अनलाइन शिक्षामा नभएको कारण विद्यार्थीहरूमा विभिन्न खाले विकृति मौलाएको भन्दै भौतिकरूपमा विद्यालय सञ्चालनको लागि प्याब्सन पर्साले पहल गर्दै आएको छ।



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
epratekdaily.com

## विचारसार एवं सूक्तिहरू

**पाएको समयको उपयोग नै बुद्धिमानी हो। राम्रो समयको प्रतीक्षा गर्दा सम्पूर्ण जीवन बित्न सक्छ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


## बालुवाको ढिस्को

**निजगढ नगरपालिकाले नदी नियन्त्रणका लागि बालुवा र ग्रेभलको ढिस्को बनाइरहेको कुरा सार्वजनिक भएको छ। सो क्षेत्र भएर बग्ने लालखोला र बकैयाखोला नियन्त्रणका लागि बालुवा, ग्रेभल मिश्रित बाँध बनाइएको हो। यस शीर्षकमा चालू आवमा नगरपालिकाले ४१ लाख रुपैयाँ बजेट खर्चेको छ। निजगढलाई सबैभन्दा धेरै दुःख दिएको लाल र बकैया खोलाले नै हो। यसले नदी कटान र डुबान गर्दै बर्सेनि कैयौं बस्तीलाई क्षति पुर्‍याइरहेको छ भने वनजङ्गल र खेतीयोग्य भूमिलाई मरुभूमीकरण गरिरहेको छ। निजगढ क्षेत्र चुरेको काखैमा पर्छ। चुरे हुँदै ओरालो बग्ने नदी, खोला, खहरेहरूको गति यसै पनि तीव्र रहने हुँदा यसको विनाश गर्ने क्षमता पनि बढी हुन्छ। नदी जति समथर सतहमा पुग्यो, त्यति नै प्रवाह कम हुने हुँदा त्यस्ता स्थानमा कटान वा धार परिवर्तनभन्दा पनि डुबान बढी हुन्छ। निजगढ क्षेत्र चुरेनजीकै भएकोले यहाँ नदीको गति तीव्र हुने हुँदा यस क्षेत्रमा नदी कटान, धार परिवर्तन र भूक्षय बढी हुने गरेको छ।**

**चुरे क्षेत्रमा बग्ने नदी नियन्त्रणका लागि ढुङ्गा भरिएको तारजाली भएको ग्याबियनसमेत ठूलै चट्टान आवश्यक पर्छ। सानो तिनो चट्टान छ भने त्यसलाई नदीले पल्टाएर वा जमीनमा भसाएर अगाडि बढ्छ। उदाहरणका लागि वीरगंज–ठोरी हुलाकी सडकमा पर्ने ठोरी क्षेत्रका खोलाहरूमा जमीन नभसाइ सामान्य किसिमले ग्याबियन बक्स राखिएको हुँदा नदीको एकै झोकाले ग्याबियन पल्टाएर सडक कटान गरेको हो। ढुङ्गा भरिएको ग्याबियन बक्स त पल्टाउने खोलाको लागि बालुवाको ढिस्को हास्यास्पद काम हो। चुरे क्षेत्रको नदी, खोलालाई बालुवा वा ग्रेभल थुपारेको ढिस्कोले छेक्छ भनेर सोच्नु अरूलाई मूर्ख बनाउनु वा आफैं मूर्ख बन्नु हो। किनभने बालुवाको डिस्कोले नदी नियन्त्रण होइन, नदी कटानलाई सहयोग पुर्‍याउँछ। नदी कटान नभएको कुनै पनि खोलामा बालुवा उठाएर ढिस्को बनाउने हो भने तुरुन्त नदी कटान शुरू हुन्छ। त्यहाँ खोलाले कटान गर्ने आधार पाउँने हुँदा त्यही आधार समातेर कटानलाई निरन्तरता दिने नदीको स्वभाव हो। त्यसैले नदी जति फिजिएर बगे पनि त्यहाँ बालुवाको पर्खाल लगाईंदैन।**

**निजगढ नगरपालिकाले नदी नियन्त्रण गर्न होइन कि चालू आर्थिक वर्षको बजेट सकाउने उद्देश्य लिएको हो। समयमा काम नसकाए रकम ल्याप्स हुने हुँदा सजिलै र सस्तैमा काम सकिने अनि रकम पनि ल्याप्स नहुने निकासको बाटो नगरपालिकाले लिएको हुन सक्छ। बालुवाको ढिस्को बनाउन मेशिन, उपकरणबाहेक अन्यत्रबाट केही पनि ल्याउनुनपर्ने हुँदा काम छिटो हुने त छँदैछ, निर्माणकर्तालाई मनग्य घोटाला गर्ने ठाउँ पनि हुन्छ। बालुवाको ढिस्को बनाएर फोटो खिच्ने र त्यही आधारमा प्राविधिकलाई मिलाएर भुक्तानी गर्ने चलन छ। कुनै कारणवश त्यसमा अनुगमन वा जाँचबुझ गर्न आएमा बालुवाको ढिस्को सही सलामत पाईंदैन। त्यति बेला 'नदीले बगायो' भनेर एउटा प्रतिवेदन बनाइदिए पुग्ने भयो। आखिर नदीले बगाउने नै भएपछि लागत अनुसारको काम गर्न पनि परेन। घोटाला गर्ने ठाउँ जता छ, जनप्रतिनिधिको दृष्टि पनि त्यतै छ। जनप्रतिनिधिलाई जब ओहोदाको मात लाग्छ, तब जनहितविपरीतका काम गर्न थाल्छन्। त्यति बेला उनीहरू राष्ट्र र समाजको विकासभन्दा पनि आसेपासेको हित र आफ्नो खल्ती भर्नुलाई नै विकास ठान्छन्।**

# युवा दक्षता र युवाको वर्तमान

स्वतन्त्र विचार



सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**वर्तमान परिवेशमा युवामा दक्षता ल्याउन सबैभन्दा उपयुक्त माध्यम तालीम हो तर तालीम पनि तालीमजस्तो हुनुपर्छ। तालीम भनेको तोकिएको काममा दक्ष बनाउनु हो, तर तालीम केवल प्रमाणपत्र दिने वैधानिक आधार भइदिने हो भने त्यसले खासै असर पार्दैन।**

अमूर्त रूपमा यदि युवा दक्षतालाई परिभाषित नगर्ने हो भने आफ्नो काममा सक्षम भई आफ्नो खुट्टामा उभिएको भनी अर्थ्याइनुपर्दछ। युवाहरूलाई दक्ष बनाउनु भनेको चानचुने कुरो होइन। युवाहरू कसरी दक्ष हुन सक्छन् भन्ने विषय आफैंमा विशाल आयाम बोकेको हो किनभने हरेक युवाको रुचि र क्षमता भिन्न हुन्छ।

हेटौंडाको एउटा संस्थागत विद्यालयले अध्ययनरत बालबालिकाको रुचिलाई विचार गर्दै सत्रवटा क्लब गठन गरेको छ। सानैदेखि बालबालिकाको रुचिलाई विचार गर्दै खेलकूद, नृत्य, वाद्यवादन (सङ्गीत), चित्रकला, वक्तृत्व, हाजिरीजवाफजस्ता अनेक क्षेत्रमा रुचि हुनेको लागि छुट्टै क्लब बनाइएको र हरेक क्लबका सदस्यको लागि हप्ताको तीन वटा कक्षा अर्थात् हप्तामा एक दिनको आधा दिन त्यससम्बन्धी प्रशिक्षण र अवसर दिने गरिएको छ। अवसर भनेको अभ्यास गराउने र प्रतियोगिता गराउने हो। बीस वर्ष पहिले मैले नै गठन गरिदिएको साहित्यसम्बन्धी संस्था सुनौलो बिहानी समूह अहिले पनि क्रियाशील छ। विभिन्न क्लबमार्फत हुने प्रशिक्षणमा बालबालिकाले आफ्नो प्रतिभा प्रस्फुटन र परिष्कार गर्ने अवसर पाउँछन्। पढाइको काम त नियमित भएकै छ।

यहाँ उदाहरणको रूपमा एउटा संस्थागत विद्यालयले गरिरहेको अभ्यास अगाडि ल्याइएको हो। वास्तवमा हरेक बालबालिकामा रहेको प्रतिभा चिनेर त्यसलाई प्रस्फुटनको अवसर प्रदान गरिनुपर्दछ। यो नहुँदा अधिकांश बालबालिका आफूलाई चिन्न सक्दैनन् र आफ्नो रुचि एकातिर तथा काम अर्कोतिर भएर जान्छ। यसले गर्दा उनीहरूले आफ्नो काममा कमै सफलता पाउने सम्भावना रहन्छ। प्रतिभा पहिचान तथा त्यसको व्यवस्थापन अहिलेको मुख्य समस्या रहेको छ।

हुन त के भनिन्छ भने आवश्यकता नै आविष्कारको जननी हो। तर मलाई केको आवश्यकता छ र मलाई किन त्यसको आवश्यकता छ भन्ने कुरा पनि जान्न सक्नुपर्दछ। आफूलाई केको आवश्यकता छ भन्ने प्रश्नको उत्तर थाहा पाउन नसक्नेले लहलहैमा लागेर केही प्राप्त गर्न सक्छ र यसरी लहलहैमा लाग्दा पनि कतिपयले आफ्नो रुचि र क्षमता अगाडि ल्याउन सकेको देखिन्छ। लहलहैको आफूलाई चिन्ने सम्भावना ज्यादै कम हुन्छ। यस्तो एक पात्रको मलाई सम्झना भइरहेको छ जसले अरूलाई घोडामा चढेको देखेर धुरी चढ्ने प्रयास गरेको थियो। गधापचीसे उमेरमा एकजना शिक्षकसित विवाद गरी अङ्ग्रेजीमा आफूलाई जान्ने देखाउन उसले अङ्ग्रेजीमा स्नातक गर्न खोज्यो। वास्तवमा उसको रुचि नेपालीमा थियो तर बलजफ्ती अङ्ग्रेजीमा स्नातक गर्न खोज्दा उसले सकेन। घरबाट स्नातककै लागि सात आठ वर्ष बाहिर बस्यो र पास गर्न नसकेपछि घरमा थन्कियो। अभिभावकले पनि कहिलेसम्म पैसा दिने ? अन्तमा उसलाई दाजुभाइबाट छुट्याइयो र निजी स्रोतमा मास्टर बनेर दयाको भरमा जीवन कटाइरहेको छ अहिले पनि। हात्तीले पछ्तो मान्नुपर्दा भुइँको धुलो उठाएर जीउमा छर्छ रे। अहिले पछुतो मानेर लहलहैमा आफूलाई जान्ने देखाउन खोज्दा जीवनले दुःखको बाटो लिएको थाहा नै हुँदैन।

युवालाई कसरी दक्ष बनाउने भन्ने प्रश्न गहन छैन। वातावरण कसरी बनाउने भन्ने प्रश्न गहन हो, हाम्रो परिवेशमा। अहिलेको समयलाई विचार गर्ने हो भने युवाहरूमा दुई किसिमको मनोवृत्ति देखिन्छ। एकथरी युवा निकै मिहिनेत गर्दछ। मिहिनेत गरेर आफूलाई जसरी पनि सफल देखाउन चाहन्छ। जसरी पनि सफल भएको देखाउन खोज्नेमध्ये अधिकांश त सफल नै हुन्छन् तर केही भने बिग्रेर जान्छन्। अर्कोथरी युवा भने कामचोर प्रवृत्तिको हुन्छ। सबै सुख र सुविधा खोज्दछ तर काममा भने अल्छी गर्दछ। अनेक बहाना बनाएर काम नै गर्न खोज्दैन।

अलिकति समस्या अभिभावकमा नै रहेको छ। कतिपय अभिभावक आफ्नो चाहना बालबालिकामाथि बलजफ्ती थोपर्छन्। म आफ्नो छोरोलाई यो बनाउँछु, त्यो बनाउँछु भनेर बलजफ्ती गर्न खोज्छन्। यस्तो हुँदा बालबालिकाले आफ्नो क्षमता वा प्रतिभा बुझ्नै पाउँदैनन्। आफूलाई त केवल बुवाको इच्छाको प्रतिरूप देख्न थाल्दछन्। यदि आफूलाई आफू नठानेर अभिभावकको इच्छाको प्रतिरूप हेर्ने वातावरण हुन्छ भने त्यहाँ प्रतिभाको पक्ष र प्रश्न नै रहँदैन। प्रतिभाको पक्ष जब गौण हुन्छ तब यस प्रकारका बालबालिका युवा भएर दक्ष हुन्छन् भन्ने छैन।

कतिपयले युवामा दक्षता अभाव हुनुलाई पैतृक कारण पनि मानेका छन्। भनिन्छ, अमेरिकामा युवकहरू स्वरोजगारी हुन लालायित हुन्छन्। युवा भएपछि म कुन क्षेत्रमा काम गर्न सक्छु र सम्भव भएसम्म आफूले कमाइ गर्दै कसरी आफ्नो अध्ययनलाई अगाडि बढाउन सक्छु भन्ने विचार गर्दछन्। तर हामीकहाँ बुवासित यति धेरै सम्पत्ति छ, त्यो सम्पत्तिको रक्षा मैले नै गर्ने हो भन्ने भावना हुन्छ। यस्तो अवस्थामा प्रतिभा र दक्षताको पक्ष फेरि पनि गौण हुन पुग्दछ। पिताले कुन योग्यता र दक्षताले सम्पत्ति आर्जन गरे, त्यस प्रकारको योग्यता र दक्षताको अभाव भए पनि पितापुर्खाको सम्पूर्ण आर्जनलाई केवल भौतिक सम्पत्ति देख्ने प्रचलन र पितापुर्खाको भौतिक सम्पत्तिमा छोरा स्वतः हकदार हुने यताको प्राकृतिक नियमले युवाले दक्षता आर्जन गर्ने बाटोमा धेरै हदसम्म तगारो तेर्स्याएको कुरालाई पूर्णतया अस्वीकार गर्न सकिन्न। पैतृक सम्पत्तिको रेखदेख वा सम्पूर्ण प्राप्त गर्नेभन्दा पहिले कुनै योग्यताको निर्धारण गरिएको भए युवाहरूमा दक्षता हासिल गर्ने चाहना बढी हुन्थ्यो कि ?

वर्तमान परिवेशमा युवामा दक्षता ल्याउनको लागि सबैभन्दा उपयुक्त माध्यम तालीम हो तर तालीम पनि तालीमजस्तो हुनुपर्छ। तालीम भनेको तोकिएको काममा दक्ष बनाउनु हो, तर तालीम केवल प्रमाणपत्र दिने वैधानिक आधार भइदिने हो भने त्यसले खासै असर पार्दैन। कुनै पनि बजारलाई यदि राम्ररी हेर्ने हो भने घडी बनाउने, मोबाइल मरम्मत गर्ने, साइकल तथा मोटरसाइकल मरम्मत गर्ने दक्ष युवा प्रायः हरेक बजारमा भेटिन्छ। तिनीहरूलाई सोध्ने हो भने तालीम लिएको कुनै मिस्त्रीसित सिकेको पनि बताउन सक्छन्। यदि तालीम लिएको प्रसङ्गमा कुराकानी गर्ने हो भने सँगै तालीम लिने अन्यले के गरिरहेका छन् वा तिनीहरू पनि पोख्त छन् ? भन्दा नकारात्मक उत्तर नै आउँछ। यसबाट यो पनि स्पष्ट हुन्छ कि तालीम वा प्रशिक्षणले युवालाई बाटो देखाउने हो। हिंड्ने काम त बाटोले गर्दैन। हिंड्नु त आफैंले पर्छ। आफैंले नहिंडे कसले पुर्‍याइदिन्छ ? जसले राम्ररी तालीम लिए र प्राप्त तालिमलाई अझ बढी मिहिनेत गरेर व्यवहारमा उतारे, तिनीहरू दक्ष भए। जहाँ पनि र जहिले पनि युवामा दक्षता ल्याउने काम उसको परिश्रम र लगनशीलताले नै गर्ने हो। उसको परिश्रम सार्थक हुनुपर्दछ र सार्थक परिश्रमले मात्र उसलाई दक्ष युवक बनाउन सहयोग गर्न सक्दछ। अल्छीहरू त कुनै पनि काममा कहिल्यै पनि दक्ष हुन सक्दैनन् भन्ने कुरो युवाले नै सबैभन्दा बढी बुझ्नुपरेको छ।

विश्व युवा दक्षता दिवसले विश्वका युवामा कसरी दक्षता ल्याउन सकिन्छ भन्ने विषयमा चिन्तन गर्ने अवसर दिएको छ। हामीजस्तो विकासमा पछाडि परेका देशका युवाहरूले विकासको क्षेत्रमा अगाडि बढेका विश्वका कुनै पनि देशका युवाहरू कसरी दक्ष बनेका छन् र आफ्नो दक्षताको उपयोग कसरी गरिरहेका छन् भन्ने विषयमा प्रविधिको उपयोग गरेर आफैं पनि बुझ्न सक्छन्। अब कसैले भनेको कुरा विस्मित भएर सुन्नुपर्ने र आँखा चिम्लेर विश्वास गर्नुपर्ने आवश्यकता छैन। अहिले त अरूमा कुन प्रतिभा थियो र त्यसको पहिचान कसरी भयो भनेर विचार गर्ने र आफ्नो प्रतिभा पहिचान गरेर आफैं कुन क्षेत्रमा कति दक्ष बन्ने हो निर्धारण गर्ने हो। त्यसमा अभिभावकको सामान्य मात्र सहयोग लिने हो। युग अनुसार युवाले आफू अनुकूल दक्षता हासिल गर्नुपर्छ। अहिलेको विश्वले दिएको शिक्षा यही हो।

# गिट्टी–बालुवा निकासीको विकल्प खोज्न सुझाव

काठमाडौं, ३० असार/रासस

व्यापार घाटा कम गर्ने नाममा देशलाई मरुभूमि बनाएर ढुङ्गा, गिट्टी र बालुवा निकासी गर्ने सोचबाट बाहिर निस्कन विज्ञले सरकार र सरोकार निकायलाई सुझाव दिएका छन्।

खानेपानी र सरसफाइको क्षेत्रमा काम गर्दै आएको स्मार्ट वास प्रालिले चन्द्र इन्जिनीयरिङ कन्सल्टेन्सी र तराई इन्जिनीयर्स एशोसिएशनको सहकार्यमा 'चुरे जलाधार संरक्षणका मुद्दा, चुनौती र आगामी मार्ग' विषयक जूम प्रविधिबाट आयोजना गरेको कार्यक्रममा चुरे संरक्षणको गुरुयोजनामा कार्यपत्रसमेत प्रस्तुत भएको थियो।

कार्यक्रममा कृषि तथा वन विज्ञान विश्वविद्यालयका प्राडा विनोद भट्टले सरकारले भारतसँगको व्यापार घाटा न्यूनीकरण गर्न ढुङ्गा, गिट्टी, बालुवा निकासी गर्ने नीति र कार्यक्रम अध्यादेशमार्फत आएको बजेटमा सार्वजनिक गरेकामा झट्ट हेर्दा आफूसँग जे छ, त्यही बेच्ने हो भन्ने विचार जस्तो देखिए पनि गहिराइमा पुगेर हेर्दा यसबाट देशलाई लाभभन्दा बढी हानि पुग्ने बताए।

खानी तथा भूगर्भ विभागको सर्वेक्षणले नेपालभर ९२ स्थानमा ढुङ्गा, बालुवा, गिट्टीको खानी सञ्चालन गर्न सक्ने देखाएको र तिनबाट उत्पादित निर्माण सामग्रीको १४ प्रतिशत मात्र निकासीयोग्य रहेको प्रतिवेदन सार्वजनिक भएको छ। वार्षिक रु १३ अर्बको लागि नेपालको धरातलीयस्वरूप नै खल्बल्याउने र तराई मरुभूमीकरण गर्ने कार्य गर्नु विवेकसम्मत नभएको विज्ञहरूको भनाइ छ।

नेपालले वार्षिक रु ३० देखि ४० अर्बको चामल नै आयात गर्ने गरेको तथ्याङ्क छ। यसलाई मात्र रोक्ने नीति लिए ढुङ्गा, गिट्टी, बालुवा निकासीको भ्रमबाट मुक्ति मिल्नेमा भट्टको जोड छ। चुरे जोगाऔं र धान उत्पादन बढाएर व्यापार घाटा सन्तुलनमा ल्याउनुपर्ने उनको सुझाव छ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय भूगर्भशास्त्र विभागका प्राडा कविराज पौडेलले चुरे भावर क्षेत्र उत्पत्तिका हिसाबले पनि सबैभन्दा कमजोर र संवेदनशील भएकाले यसको संरक्षणमा विशेष ध्यान दिनुपर्ने बताए। विश्वविद्यालयको भूगर्भशास्त्र विभागले राष्ट्रपति चुरे भावर तराई संरक्षण विकास समितिसँग मिलेर त्यस क्षेत्रको वैज्ञानिक सर्वेक्षण गरी संरक्षणका योजनासहितको प्रतिवेदन तयार पारेको उनले बताए।

चुरेबाट उद्गम भएर तराई भई बग्ने मेचीदेखि महाकालीसम्मका १८ नदी प्रणालीको वैज्ञानिक सर्वेक्षण गरेर ती ठाउँको भूक्षय, पानीको स्रोत, नदी र खोलाको अवस्था, पानीको पुनर्भरण गर्न सकिने स्थानको पहिचानसमेत प्रतिवेदनमा गरिसकिएको पौडेलले जानकारी गराए।

चुरे र भावरमा देखिएको पहिरो एवं नदीकटानको रोकथाम, सुकेका, सुक्न लागेका खोला, ताल तलैयाको संरक्षण, नदी र झरनाको संरक्षण र व्यवस्थापन अपरिहार्य भइसकेको जनाइएको छ। डा पौडेलले चुरेको खानी सञ्चालन र व्यवस्थापनमा विशेष नियम ल्याउन पनि आग्रह गरे। पानीको पुनर्भरणका लागि कृत्रिम पोखरी निर्माण, भूमिगत तालको निर्माण, वृक्षारोपण र संरक्षण अभियान सञ्चालन गर्न पनि आवश्यक रहेकामा उनले जोड दिए।

कार्यक्रममा अर्का विज्ञ प्रताप तातेरले समग्र तराईमा भूमिगत पानीको सतहमा खासै परिवर्तन नआएको बताए। चुरे र भावर क्षेत्रको संरक्षणको लागि ती क्षेत्रमा भएका उद्योग विस्थापन गर्न पनि उनले सुझाव दिए। चुरे र भावर क्षेत्रको दिगो संरक्षणको लागि प्रदेश तथा स्थानीय सरकारलाई संलग्न गराउनुपर्ने विज्ञहरूको सुझाव छ। राष्ट्रपति चुरे भावर तराई संरक्षण समितिको संरचना केन्द्रमुखी रहेकाले परिवर्तन गर्न पनि विज्ञको माग छ। कार्यक्रममा टिप्पणीकर्ता तथा अन्तर्राष्ट्रिय परामर्शदाता कृष्णचन्द्रप्रसाद साहले चुरेको स्रोत जमीन, जल, वनस्पति र जैविक विविधता भएकाले संरक्षण गर्नुपर्ने बताए।

टिप्पणीकर्ता राष्ट्रपति चुरे भावर तराई संरक्षण समितिका अध्यक्ष किरण पौडेलले नेपालको तराई भएर बग्ने १६४ नदी प्रणालीमा नदीजन्य निर्माण पदार्थ पर्याप्त रहेको र राष्ट्रिय आवश्यकताभन्दा ४० प्रतिशत बढी भएकाले त्यसको उपयोगको कुरा अस्वाभाविक नभएको बताए।

तराई क्षेत्रका १६४ नदी प्रणाली व्यवस्थापनमा रु दुई खर्ब ५० अर्बदेखि ८०० अर्बसम्म लगानी आवश्यक रहेको उनले सुनाए। भूसंरक्षण, पानीको स्रोत संरक्षण र आयआर्जनका लागि बाँस अत्यन्त उपयोगी देखिएकाले वृक्षरोपणमा बाँसलाई प्राथमिकतामा राख्न पनि उनले आग्रह गरे। समितिका पूर्व पदाधिकारी वीरेन्द्र यादवले चुरे भावर क्षेत्रको भूबनोट संवेदनशील भएकोले ढुङ्गा, गिट्टी बालुवा निकासीको विषयलाई रोक्न आग्रह गरे।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# भारतमा थप ३८ हजार नयाँ सङ्क्रमित

नयाँ दिल्ली, ३० असार/एएनआई

भारतमा कोरोना भाइरसबाट थप ३८ हजार ७९२ जना सङ्क्रमित भएका छन्। सङ्घीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले बुधवार दिएको जानकारी अनुसार अघिल्लो दिनभन्दा दैनिक सङ्क्रमितको सङ्ख्या फेरि बढेको हो। अघिल्लो दिन ३१ हजार ४४३ जना नयाँ सङ्क्रमित थपिएका थिए।



भारतको पर्यटकीय स्थल सिमलामा देखिएको भीड। तस्वीरः एजेन्सी

त्यसैगरी, कोरोना भाइरसबाट सङ्क्रमित भएर पनि अहिले थप ४१ हजारजना सङ्क्रमणमुक्त भएका छन्। नयाँ सङ्क्रमितभन्दा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या धेरै रहेकाले सङ्क्रमित अवस्थामैं रहेकाहरूको कुल सङ्ख्या पनि कम भएको छ।

भारतमा अहिले पनि कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामैं रहेकाहरूको सङ्ख्या चार लाख २९ हजार ९४६ रहेको अधिकारीहरूले जनाएका छन्। पछिल्लो एक दिनमा कोरोना भाइरसका कारण थप ६२४ जनाको मृत्यु भएको पनि मन्त्रालयले बुधवार जानकारी दिएको छ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमितहरूको सङ्ख्या तीन करोड नौ लाख ४६ हजार ७४ पुगेको छ भने तीमध्ये तीन करोड एक लाख चार हजार ७२० जना सङ्क्रमणमुक्त भएका छन्। कोरोना भाइरसबाट मृत्यु भएकाहरूको कुल सङ्ख्या भारतमा अहिलेसम्म चार लाख ११ हजार ४०८ पुगेको मन्त्रालयले जनाएको छ।

भारतको चिकित्सा अनुसन्धान परिषद्ले अहिलेसम्म कुल ४३ करोड ५९ लाख ७३ हजार ६३९ जनाको स्वाब परीक्षण गरिएको छ। तीमध्ये १९ लाख १५ हजार ५०१ जनाको स्वाब परीक्षण जुलाई १३ का दिन भएको छ।

त्यसैगरी, भारतमा अहिलेसम्म ३८ करोड ७६ लाख ९७ हजार ९३५ वटा कोरोना भाइरसविरुद्धको खोप प्रयोग भएको छ। तीमध्ये ३७ लाख १४ हजार ४४१ जनालाई पछिल्लो २४ घण्टामा खोप लगाइएको छ।

**कोरोना भाइरस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ४८ हजार नाघ्यो**

बेइजिङ/सिन्हवा

कोरोना शुरू भएयता हालसम्म विश्वभर यस सङ्क्रमणबाट ज्यान गुमाउनेको सङ्ख्या ४० लाख ४८ हजार नाघेको छ।

जोन्स हप्किन्स विश्वविद्यालयले दिएको पछिल्लो विवरण अनुसार विश्वभरमा ४० लाख ४८ हजार ९०३ जनाको मृत्यु भएको छ। विश्वभरि कुल सङ्क्रमितको सङ्ख्या १८ करोड ७७ लाख ९८ हजार ८५५ जना रहेका छन्। विश्वभर तीन अर्ब ४९ करोड ५२ लाख ४१ हजार ४८० मात्रा कोरोनाविरुद्ध खोप लगाइएको छ।

**सिड्नीमा लकडाउनको समयावधि फेरि थप**

सिड्नी/सिन्हवा

अस्ट्रेलियाको राजधानी सिड्नीमा लकडाउनको समयावधि फेरि थप गरिएको छ। सरकारी अधिकारीहरूले बुधवार दिएको जानकारी अनुसार बृहत् सिड्नी क्षेत्रभरि थप दुई हप्ता लकडाउन लागू गर्ने निर्णय भएको हो।

नयाँ थप गरिएको समयावधि अनुसार सिड्नीमा आगामी ३० जुलाईसम्म लकडाउन लागू हुने भएको छ। पछिल्लो २४ घण्टामा कोरोना भाइरसबाट थप ९७ जना नयाँ सङ्क्रमित थपिएको विवरण प्राप्त भएसँगै लकडाउनको समयावधि फेरि थप गर्ने निर्णय भएको जनाइएको छ।

"हामीले स्वास्थ्य अवस्थाका बारेमा गम्भीर समीक्षा गरेका छौं, सङ्क्रमण अझै पनि पूर्णरूपमा नियन्त्रणमा आइनसकेकाले लकडाउनको समयावधि फेरि थप गर्ने निर्णय भएको हो," स्वास्थ्य मन्त्रालयलद्वारा जारी वक्तव्यमा उल्लेख गरिएको छ।

लकडाउनमा लागू हुने नियमहरूलाई कडाइका साथ पालना गर्न पनि सरकारी अधिकारी र स्वास्थ्य अधिकारीहरूले सबैलाई आग्रह गरेका छन्। लकडाउनको समयावधि थप भएपछि विद्यार्थीहरूको अध्ययन अध्यापन कार्य पनि अझै केही दिन अनलाइनबाट नै हुने भएको छ। रासस

# अर्थमन्त्री शर्माद्वारा खोप खरीदका लागि ५ अर्बको सहमति प्रदान

काठमाडौं, ३० असार/रासस

सरकारले कोरोनाविरुद्धको खोप खरीदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ५ अर्बको सहमति प्रदान गरेको छ। नवनियुक्त अर्थमन्त्री जनार्दन शर्माले पदबहालीपछि कोरोनाविरुद्धको खोप खरीदका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई रु ५ अर्बको सहमति दिनेसम्बन्धी निर्णय गरेको हो।

शेरबहादुर देउवा नेतृत्वको वर्तमान सरकारले मङ्गलवार सबै नागरिकलाई कोरोनाविरुद्धको खोप सुनिश्चित गर्ने पहिलो निर्णय गरेको थियो। सरकारले आगामी असोज मसान्तसम्म एक तिहाइ र चैत मसान्तसम्म खोप लगाउने उमेर समूहका सबै नागरिकलाई खोप दिने लक्ष्य लिएको छ। खोपको पर्याप्त आपूर्ति हुन नसक्दा नेपालमा खोप अभियान प्रभावित भएको छ।

मङ्गलवार साँझ बसेको मन्त्रिपरिषद् बैठकले महामारीको समयमा फ्रन्टलाइनमा खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सफाइकर्मीलगायतले पाउनुपर्ने जोखिम भत्ता एक साताभित्र उपलब्ध गराउन शुरू गर्ने निर्णय गरेको थियो।

अर्थमन्त्री शर्माले कोभिड-१९ नियन्त्रण तथा रोकथाम अन्तर्गत दायित्व व्यवस्थापनका लागि स्रोतको सुनिश्चिततासम्बन्धी निर्णय गरेका छन्। जस अन्तर्गत सङ्घीय अस्पतालका लागि रु ५६ करोड ४१ लाख ५७ हजार र प्रदेश तथा स्थानीय तहले सञ्चालन गरेका अस्पतालका लागि प्रदेश सामाजिक विकास मन्त्रालयमार्फत रु ३७ करोड ३४ लाख ९० हजार वित्तीय हस्तान्तरण हुनेछ।




अर्थमन्त्री जनार्दन शर्मा। तस्वीरः रासस

सरकारी तथा निजी अस्पतालमा एचडियू, भेन्टिलेटर, आइसियूलगायत कोरोना नियन्त्रणसम्बन्धी स्वास्थ्य सामग्री खरीदका लागि सङ्घीय तथा निजी अस्पताललाई रु ९६ करोड १२ लाख ११ हजार निकासा र प्रदेश तथा स्थानीय तहमा सञ्चालित अस्पताललाई प्रदेश सामाजिक विकास मन्त्रालयमार्फत रु ५२ करोड ४४ लाख ४० हजार वित्तीय हस्तान्तरणसम्बन्धी निर्णय भएको अर्थ मन्त्रालयका प्रवक्ता महेश आचार्यले जानकारी दिए।

पदबहालीपछि उनले कोरोना रोकथाम तथा नियन्त्रण र सबै नागरिकलाई कोरोनाविरुद्धको खोप निशुल्क गर्ने सरकारको प्राथमिकता रहेको भन्दै त्यसका लागि दत्तचित्त भएर काम गर्न कर्मचारीलाई निर्देशन दिए। अर्थमन्त्री शर्माले कोरोनाले थिलोथिलो भएको अर्थतन्त्रलाई पुनरुत्थान गर्नुपर्ने अहिलेको आवश्यकता रहेकाले सरकार निजी क्षेत्र सँगसँगै अगाडि बढ्नुपर्ने बताए।

सरकारले कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार, आर्थिक समृद्धि, कोभिड-१९ बाट प्रभावित अर्थतन्त्रको शीघ्र पुनरुत्थान गर्ने विषय पनि सरकारको उच्च महत्त्वमा राखेको छ। गरीब, पछाडि परेका, सीमान्तकृत नागरिकको समस्या समाधान हुने गरी आर्थिक नीति बनाउनुपर्ने उनले बताए।

# घामपानी दुवैमा नारायणगढ-मुग्लिन सडक जोखिममा

चितवन, ३० असार/रासस

पहिरोले खाल्डै खाल्डा बनाएको नारायणगढ-मुग्लिन सडकको स्तरोन्नतिसँगै धेरैले सहज यात्राको अपेक्षा गरेका थिए।

यो लामो समय बित्न नपाउँदै सडक ठाउँठाउँमा भत्किएका छन् भने पहिरो रोक्नका लागि गरिएको प्रयास सफल हुन सकेको छैन।

धेरै ठाउँ सुरक्षित भएपनि पछिल्ला वर्षमा नयाँ ठाउँमा पहिरो खस्न थालेपछि यात्रा जोखिमपूर्ण बनेको छ। यस वर्ष सो सडकका चार ठाउँमा घाम र पानी दुवैमा पहिरो खसेर दुःख दिएको छ। वर्षासँगै सेती दोभान र कालीखोलामा नयाँ पहिरो झरेका हुन् भने चार किलो र पाँच किलोमा पुरानै स्थानमा पहिरो खसेका छन्।

सेतीदोभान भरतपुर महानगरपालिका वडा नं २९ मा पर्दछ भने अन्य इच्छाकामना गाउँपालिकामा पर्दछ। विगत ६ वर्षदेखि सो सडक हेर्दै आएका डिभिजन सडक कार्यालय चितवनका सूचना अधिकारी इन्जिनीयर शिव खनालका अनुसार सेती दोभानमा ८० मिटरमाथिसम्म पहाड छ। सोही पहाडबाट पहिरो झर्ने गरेको छ।

माथिल्लो ६ मिटर भागमा माटो छ भने अन्य भागमा गेग्रान र चट्टान रहेको छ। बीचमा पानीको मुहान भएको उनले जानकारी दिए।

चार किलोमा माथि १५० मिटरसम्म जाली लगाएर पहिरो रोक्ने काम गरिएको छ। त्योभन्दा माथिबाट पहिरो झरेको उनले जानकारी दिए। त्यहाँ फुटेका चट्टान रहेका छन्। पाँच किलोमा माथिबाट खोलिएको शाखा सडकसँगै लेदो झरेर दुःख दिइरहेको छ।

कालीखोलानजीकै पहिलोपटक पहिरो खसेको हो। पहिरो रोकिएका सामग्रीसहित रूखबिरुवा पहिरोसँगै झरेका थिए। त्यहाँ पनि चार किलोको जस्तै फुटेका चट्टानसहितको पहिरो झर्ने गरेको छ।

नयाँ पहिरो झरेका दुवै ठाउँ अझै पहिरो झरेर भिरालो नबनेसम्म पहिरो नरोकिने देखिएको छ। पानी पर्दा लेदोसहितको पहिरो र घाम लाग्दा सुख्खा पहिरो झर्ने गरेको छ। खनालका अनुसार पानी पर्दा भित्र छिर्ने र घाम लागेसँगै सुकेर माटो खुम्चिंदा पहिरो खस्ने गरेको छ।

जसले गर्दा सडक वर्षातको सबै समय जोखिमपूर्ण बनेको हो। यो सडक हुँदै १० हजार हाराहारी सवारीसाधन दैनिक गुड्ने गर्दछन्। राजधानी प्रवेश गर्ने र बाहिरिने मुख्य सडकका रूपमा यसलाई लिइन्छ।

# भारतको मन्त्रिपरिषद् बैठक भौतिकरूपमा एक वर्षपछि

नयाँ दिल्ली, ३० असार/एएनआई

भारतको मन्त्रिपरिषद्को बैठक एक वर्षपछि मात्रै भौतिकरूपमा बसेको छ। कोरोना भाइरसको महामारीका कारण भर्चुअल माध्यमबाट बस्दै आइरहेको बैठक बुधवार भौतिकरूपमैं बसेको जनाइएको छ।

मन्त्रिपरिषद्मा व्यापक फेरबदल गरेपछि प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नै निवासमा बैठक बसालेका हुन्। बैठकमा विशेषगरी आगामी संसद् अधिवेशनका बारेमा छलफल भएको स्रोतले जनाएको छ। भारतको सङ्घीय संसद्को वर्षे अधिवेशन यही जुलाई १९ मा शुरू भइ अगस्त १३ मा अन्त्य गर्ने तय भएको छ।

प्रधानमन्त्री मोदीले बैठकमा कोरोना भाइरसको महामारी न्यूनीकरणका लागि भइरहेको काम र आगामी योजनाका बारेमा पनि छलफल चलाएको जनाइएको छ। रासस

# सेनाको जवानद्वारा आत्महत्या

प्रस, महोत्तरी, ३० असार/

महोत्तरीमा नेपाली सेनाका एक जवानले गोली हानी आत्महत्या गरेका छन्।

रणभीम गण प्रकौली ब्यारेकमा कार्यरत सैनिक जवानले बुधवार बिहान कन्चटमा गोली हानेर आत्महत्या गरेको महोत्तरीका प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिएका छन्।

रामेछाप घर भएका ती जवानले बोकेको मिनी इन्सास हतियारले आफ्नै बायाँ कन्चटमा गोली हानेको पाइएको प्रहरीको प्रारम्भिक रिपोर्टमा उल्लेख छ। बुधवार बिहान करीब पाँच बजे गणको अतिथिगृहसँगैको कोतमा घटना भएको हो।

मृतकका आफन्तजन आएपछि मात्रै मृतकको नाम र विस्तृत विवरण सार्वजनिक गरिने सैनिक गणले जनाएको छ। साँझसम्म मृतक जवानका आफन्तजन घटनास्थलमा आइपुगेका थिएनन्।

# गुडिरहेको बसमाथि बम हमला, नौजनाको मृत्यु, ३९ जना गम्भीर घाइते

इस्लामाबाद, ३० असार/सिन्हवा

पाकिस्तानको उत्तरपश्चिमी प्रान्तमा बुधवार भएको बम विस्फोटमा परी कम्तीमा पनि नौजनाको ज्यान गएको छ। सो आक्रमणमा परी अरू ३९ जना घाइते भएका छन्।

पाकिस्तानको उत्तरपश्चिमी खैबर पाख्तुनुया प्रान्तमा बसमा हमला गरिएको हो। बसमा बम हानेर अज्ञात व्यक्तिले ती नौजनाको ज्यान लिएको बताइएको छ।

सो बसमा रहेका अरू ३९ जना नराम्ररी घाइते भएका छन्। सो प्रान्तको दासु क्षेत्रमा कामदारहरू लिएर हिंडेको सो बसमा अज्ञात बन्दुकधारीहरूले हमला गरेका थिए। बसलाई लक्ष्य गरेर अज्ञात व्यक्तिले बम हानेका थिए। बसमा रहेका अरू घाइते यात्रीहरूमध्ये अधिकांश गम्भीररूपमा घाइते भएका छन्। उनीहरूलाई नजीकैको अस्पतालमा लगिएको बताइएको छ।

यहाँका सुरक्षाकर्मीहरूले उनीहरूलाई अस्पतालसम्म पुर्‍याएका थिए। उनीहरू उद्धारको काममा खटिरहेका बताइएको छ। यो हमला कसले र किन गरेको हो भन्ने विषयमा केही खुलेको छैन। यहाँका सुरक्षाकर्मीहरूले सो बम हमलाको बारेमा अनुसन्धान गरिरहेको बताएका छन्। अहिलेसम्म सो हमलाको कुनै व्यक्ति या समूहले जिम्मेवारी लिएको छैन। रासस

# सार्वजनिक सवारीसाधनमा भाडा बढ्यो

काठमाडौं, ३० असार/रासस

यातायात व्यवस्था विभागले अन्तरप्रदेश चल्ने सार्वजनिक सवारीसाधनको भाडा २८ प्रतिशतसम्म वृद्धि गरेको छ।

दुई वा दुईभन्दा बढी प्रदेशमा चल्ने लामो दूरीका सवारीसाधनमा भाडा बढाइएको विभागका प्रवक्ता डा लोकनाथ भुसालले बताए। यात्रीवाहक सवारीसाधनको भाडा २८ प्रतिशत, तराईमा चल्ने सवारीसाधनमा २० प्रतिशत र पहाडमा चल्ने मालवाहक सवारीसाधनमा २६ प्रतिशत भाडा बढाइएको हो।

पेट्रोलियम पदार्थको मूल्यवृद्धि, चालक, सहचालकको खर्च र सवारीसाधनमा हुने मर्मतलगायत अरू किसिमका खर्चका आधारमा भाडा बढाइएको प्रवक्ता डा भुसालले बताए। विसं २०७२ यता भाडादर नबढाइएकाले अहिले बढाइएको उनले बताए। उनले भने, "सवारीसाधनमा सबै कुरामा मूल्यवृद्धि भइरहेकै आधारमा भाडा बढाइएको हो।"

# होटल भवन भत्किंदा मृत्यु हुनेको सङ्ख्या सत्र पुग्यो

नानजिन, ३० असार/सिन्हवा

चीनको पूर्वी प्रान्त जियान्सुको सुजोउ भन्ने स्थानमा सोमवार एक होटलको भवन भत्किंदा त्यसमा रहेकामध्ये मृत्यु हुनेको सङ्ख्या १७ पुगेको बताइएको छ। त्यस दुर्घटनामा परी सोमवार मात्र आठजना नागरिकको ज्यान गएको बताइएको थियो।

सोमवार अपराह्न भत्किएको सो भवनमा थप नौजना हराइरहेका बताइएको थियो। जियान्सु प्रान्तका अधिकारीहरूले बुधवार उक्त भवनमा परेर हराइरहेकामध्ये थपको ज्यान गएकाले त्यसमा परेर ज्यान गुमाउनेको सङ्ख्या १७ पुगेको बताएका हुन्।

सोमवार अपराह्न सो भवन भत्किंदा त्यसमा रहेका करीब २३ जना नागरिक च्यापिएका थिए। तीमध्ये आठजनाको निधन भएको र अरू हराइरहेका चिनियाँ अधिकारीहरूले मङ्गलवार जनाएका थिए।

त्यसमा च्यापिएकाहरूको उद्धारका लागि सुरक्षाकर्मी तथा अन्य उद्धारकर्मीहरूले काम गरिरहेका छन्। त्यसैगरी, सो भवन के कति कारणले भत्किएको हो भन्नेबारेमा अनुसन्धान शुरू भएको पनि प्रहरीले जानकारी दिएको छ।

उक्त होटलको भवन के कसरी निर्माण गरिएको थियो भन्नेबारेमा अनुसन्धान थालिएको प्रहरीले जनाएको छ। भवनमा परेकाहरूमध्ये पाँचजनाको सकुशल उद्धार गरिएको बताइएको छ।

चिनियाँ अधिकारीहरूले बुधवार बिहान ९ बजे उक्त उद्धार कार्यको अन्त्य भएको बताएका थिए। रासस

## आजको राशिफल


| | |
|---|---|
| मेष: शत्रुपराजय | वृष: सुसमाचार |
| मिथुन: उदरपीडा | कर्कट: विजय |
| सिंह: धनलाभ | कन्या: भाग्योदय |
| तुला: बेचैनी | वृश्चिक: धनलाभ |
| धनु: कर्मप्राप्ति | मकर: प्रगति |
| कुम्भ: वादविवाद | मीन: यात्रालाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

वर्गीकृत विज्ञापन

सेल्समयान चाहियो
* कम्तीमा ५ वर्षको मार्केटिङ अनुभव भएको।
* मोटरसाइकलको सवारी चालक अनुमतिपत्र भएको।
हिमाली केमिकल एण्ड परफ्युमरी उद्योग
सम्पर्क : ९८५५०२१९४७



# ठोरीको गाउँसभा साउन १३ गतेसम्म स्थगित

प्रस, वीरगंज, ३० असार/

ठोरी गाउँपालिकाको छैटौं गाउँसभा विवादका बीच साउन १३ गतेसम्मको लागि स्थगित भएको छ । बहुमत सदस्यहरूले गाउँसभा शुरू गर्नुपूर्व चालू आवको सम्पूर्ण आय–व्यय विवरण सार्वजनिक गर्न माग गर्दै नाराबाजी गरेका थिए । उनीहरूको विरोधका कारण उद्घाटन सत्र शुरू भएलगत्तै दुई घण्टाको लागि स्थगित भएको थियो ।




गाउँसभामा सदस्यहरूले अघिल्लो वर्ष घाटा बजेट प्रस्तुत भएको, सम्पन्न भएका योजनाहरू गाउँसभाबाट पारित नभएको भनेर भुक्तानी रोकिएकोलगायतका विषयमा सदस्यहरूले विवाद गरेपछि केहीबेर सभा स्थगित गर्नुपरेको थियो ।

वडा नं २ का सदस्य श्यामहरि शर्मा र अमृतकृष्ण सापकोटाले सदस्यहरूलाई गुमराहमा राखेर बजेट पास गर्न खोजेको आरोप लगाए ।

वडाध्यक्ष किशोर तामाङ, रामबहादुर पाखिनले गाउँसभा सञ्चालनमा कमजोरी भएकोले आर्थिक वर्षको विवरण सार्वजनिक गर्न माग गरिएको बताए । गापा अध्यक्ष पद्मलाल श्रेष्ठले जवाफ चित्तबुझ्दो नदिएपछि गाउँसभा स्थगित भएको थियो र दुई घण्टापछि सहमतिमा शुरू भयो । तर गापा अध्यक्ष श्रेष्ठले नीति तथा कार्यक्रम प्रस्तुत गरे अनि खाजापछि शुरू भएको गाउँसभामा बजेट भाषण भने हुनै नपाई साउन १३ गतेसम्मको लागि सभा स्थगित गरिएको छ ।

गापा उपप्रमुख शान्तिमाया थिङले रु ५८ करोड ९७ लाखको बजेट प्रस्तुत गर्ने क्रममा विवाद भएपछि गाउँसभा स्थगित भएको हो ।

# फलफूल बिक्री गर्नेमाथि कारबाई

प्रस, वीरगंज, ३० असार/

माईस्थान र घण्टाघरमा साइकल र ठेलामा राखेर फलफूल बिक्री गर्नेहरूलाई कारबाई गरिएको छ ।

निषेधाज्ञा जारी भएदेखि खुलारूपमा हाटबजार र फलफूल बिक्रीमा प्रतिबन्ध लागेको र साइकल तथा ठेलामा राखी डुलाएर बिक्री गर्न व्यवस्था मिलाइए पनि एकै ठाउँमा साइकल र ठेला राखेर फलफूल बिक्री गरिएकोले आज १५ वटा साइकल र तीनवटा ठेलाको फलफूल नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

फलफूल आवश्यक कारबाईको लागि वीरगंज भन्सार कार्यालय चलान गरिएको प्रहरीले जनाएको छ ।



नियन्त्रणमा लिइएका फलफूल भन्सार चलान गर्दै । तस्वीरः नितेश कर्ण

# सञ्चारकर्मीले भेरोसिलको दोस्रो खोप लगाए

प्रस, वीरगंज, ३० असार/

पर्सा जिल्लाका सञ्चारकर्मीहरूले दोस्रो मात्राको भेरोसिल खोप बुधवार लगाएका छन् । नगवा स्वास्थ्य केन्द्रमा आज सञ्चारकर्मीले दोस्रो मात्राको भेरोसिल खोप लिएका हुन् ।

यसअघि असार १ गते नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा ८७ जना सञ्चारकर्मीले भेरोसिल खोप लगाएका थिए ।

पर्सा जिल्लाका पत्रकारहरूले पहिलो चरणमा कोभिशिल्ड खोप नारायणी अस्पतालमा लगाएका थिए र छुट भएका सञ्चारकर्मीहरूले भेरोसिल खोप लगाएका हुन् ।



भेरोसिलको दोस्रो मात्रा लगाउँदै सञ्चारकर्मी । तस्वीरः प्रतीक

# अटोरिक्शा र भ्यानले आफूखुशी भाडा बढाए

प्रस, परवानीपुर, ३० असार/

निषेधाज्ञा खुकुलो हुँदै गएपछि हलुका सवारीसाधनहरू चल्न थालेका छन् । सार्वजनिक यातायातका सवारीसाधनमा लामो दूरीका बस मात्र चलेका छन् । बाँकी जिल्लाभित्र छोटो दूरीका लागि म्याजिक भ्यान, अटो, ईरिक्शालगायतका सवारीसाधन असारको दोस्रो सातादेखि पर्सा र बारा जिल्लामा सञ्चालनमा छन् । तर ती सवारीसाधनले निषेधाज्ञाको निहुँमा भाडा बढाएका छन् ।

यात्रीहरूका अनुसार वीरगंज बजार क्षेत्र, वीरगंज–पथलैया रूटमा, वीरगंज–कलैया, घण्टाघर–मितेरी पुल, वीरगंज–पोखरिया सडकखण्डमा चल्ने हलुका सवारीसाधनले ५० प्रतिशतले भाडा बढाएको यात्रीहरूको गुनासो छ । वीरगंज–३१ बेलवाका नवलकिशोर झाका अनुसार पहिले वीरगंजदेखि जीतपुरसम्म म्याजिक भ्यानले ४० रुपियाँमा लैजान्थ्यो भने अहिले एकजनाको ६० रुपियाँ लिइन्छ ।

म्याजिक भ्यान र अटोले व्यक्तिपिच्छे दूरीको आधारमा मनपरी भाडा असुलिरहेका छन् ।

त्यसैगरी, वीरगंज–१३ राधेमाईका जय साहले वीरगंज बजारमा पनि अटो तथा ईरिक्शाले पहिलेभन्दा महँगो भाडा लिइरहेको गुनासो गरे । वीरगंजबाट पर्साका ग्रामीण भेग र बाराको सदरमुकाम कलैया जाने सडकखण्डमा पनि भाडा बढेको यात्रीहरूको भनाइ छ । उनीहरूले स्थानीय प्रहरी प्रशासनले लापरवाही गर्दा हलुका सवारीसाधनले आफूखुशी भाडा बढाएर यात्रीहरूलाई ठगिरहेको आरोप लगाए ।

यता, जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक बेलबहादुर पाण्डेले यसबारे आफूलाई जानकारी नभएको बताए । उनले पर्सा प्रहरीले पर्साको क्षेत्रबाट सञ्चालित सवारीसाधनले तोकिएको भाडाभन्दा बढी लिइरहेको पाइएमा कारबाई गर्ने बताए । उनले ठाउँ–ठाउँमा मातहतको टोलीलाई बढाइएको भाडाबारे निर्देशन दिइसकेको र बढी भाडा लिनेहरूलाई कानूनबमोजिम कारबाई हुने बताए ।




# खेलकूदको संसार

## बाहिरिए १४ खेलाडी

काठमाडौं, ३० असार/रासस

राष्ट्रिय फूटबल टोलीको बन्द प्रशिक्षणबाट १४ खेलाडी बाहिरिएका छन् । नेपाली राष्ट्रिय फूटबल टोलीका मुख्य प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले दोस्रो चरणको बन्द प्रशिक्षणका लागि ३६ खेलाडी छनोट गरेका हुन् । अखिल नेपाल फूटबल सङ्घ (एन्फा)ले प्रारम्भिक बन्द प्रशिक्षणका लागि ५० खेलाडीलाई छनोट गरेको थियो । बन्द प्रशिक्षणबाट बाहिरिने खेलाडीमा विशाल सुनार, अमित तामाङ, विवेक बस्नेत, दर्शन गुरुङ, डोना थापा, गौरव बुढाथोकी, मिक्छेन तामाङ, नीरज बस्नेत, निशान खड्का, प्रिजेन तामाङ, रवि पासवान, सेसेहाङ आङदेम्बे, शिशिर लेखी र सुदील राई रहेका छन् ।

बन्द प्रशिक्षणमा रहेका खेलाडीमा अर्पण कार्की, विकेश कुथु, विशाल श्रेष्ठ, दीप कार्की, किरणकुमार लिम्बू, आशिष लामा, अभिषेक रिजाल, अनन्त तामाङ, अन्जन विष्ट, एरिक विष्ट, आयुष घलान, भरत खवास, विशाल राई, दिनेश राजवंशी, गौतम श्रेष्ठ, जर्ज प्रिन्स कार्की, कमल थापा, मनीष डाँगी, नवयुग श्रेष्ठ, नितिन थापा, प्रकाश बुढाथोकी, पूजन उपरकोटी, राजन गुरुङ, रजिन धिमाल, राजीव लोप्चन, रन्दीप पौडेल, रोहित चन्द, सन्जोग राई, सन्तोष तामाङ, सुजल श्रेष्ठ, सुमन अर्याल, सुमन लामा, सुनील बल, सुरज ठकुरी, तेज तामाङ र त्रिदेव गुरुङ रहेका छन् ।

साफ च्याम्पियनशिप आगामी सप्टेम्बर १४ देखि २५ तारिखसम्म बङ्गलादेशमा हुनेछ भने एशियन कपको अन्तिम छनोट सन् २०२२ को फेब्रुअरीमा हुनेछ ।

# बागभैरव सामुदायिक वनमा पोखरी निर्माण

प्रस, निजगढ, ३० असार/

निजगढ नगरपालिका–४ बागदेवस्थित बागभैरव सामुदायिक वन २८ लाख ५० हजारको लागतमा सो पोखरी निर्माण गर्न वन समूहसँग सम्झौता गरेको वन अधिकृत एवं डिएफओ मन्जुर

लगभग दुई बिघा क्षेत्रफलमा खनिएको पोखरीमा ग्रेभल मात्र भेटिएपछि पोखरीमा पानी नजम्ने र नाम मात्रको



बागभैरव सामुदायिक वन उपभोक्ता समूहले निजगढ–४ बागदेवमा निर्माण गरिएको पोखरी । तस्वीरः जीतलाल श्रेष्ठ

उपभोक्ता समूहले वनक्षेत्रभित्र पोखरी निर्माण गरेपछि आकाशे पानीको निकास थुनिएको भनेर स्थानीयले विरोध गरेका छन् ।

अहिले पोखरी खनिएको नदी उकास जमीनलाई संरक्षण गरेसँगै स्थानीय बागभैरव युवा क्लबले सो जमीन पहिल्यैदेखि नै ठेक्कामा लगाउँदै आएको थियो ।

वार्षिक रु २८ हजार रकम बुझाउने गरी पाँच वर्षका लागि क्लबले ठेक्का लिए पनि ठेक्का अवधि पूरा नहुँदै वन समूहले पोखरी खन्न थालेको जमीन ठेक्का सकार गर्ने स्थानीय सूर्यबहादुर खड्काले बताए ।

यता, वन समूहले बाली मासिएबापतको क्षतिपूर्ति उपलब्ध गराउने भनेकोमा अहिलेसम्म क्षतिपूर्ति नपाएको खड्काले गुनासो गरे ।

खनिएको पोखरीका कारण नजीकैको खेतीयोग्य जमीन वर्षामा डुबान हुँदा बालीनालीमा क्षति पुगेको प्रेमबहादुर तिमल्सिनाले बताए । उनले आफ्नो ५/७ कट्ठा खेतबारी पनि डुब्ने चिन्ताले सताएको बताए ।

डिभिजन वन कार्यालय, बाराले रु अहमदले जानकारी दिए । जुन उद्देश्यले पोखरी खन्न वन कार्यालयमार्फत सरकारको रकम लगानी गरेको छ, सो उद्देश्य पूरा हुने गरी पोखरी निर्माण सम्पन्न हुनुपर्ने डिएफओ अहमदको भनाइ छ । पोखरी खन्दा ग्रेभल मात्रै भेटिएकाले पानी जमाउन कम्तीमा ६ इन्च मोटाइको माटो भर्न वन समूहका अध्यक्ष सुदर्शन लामिछानेलाई जानकारी गराएको उनले बताए ।

एक्साभेटरले खनी पोखरी बनाएर मात्रै छोड्न थालेपछि अघिल्लो वर्षको जस्तै उपलब्धिहीन पोखरी हुने भन्दै स्थानीय उपभोक्ताले विरोध गरेपछि डिएफओ अहमदले पोखरीमा माटो भर्न निर्देशन दिएका छन् ।

उक्त पोखरीको पश्चिमतर्फ कुलोमा दुई सय मिटरभन्दा बढी लम्बाइको करिब २८५ घनमिटरको सिमेन्टेड ढुङ्गाको गारो लगाएको सन्तोष ज्ञवालीले बताए ।

पोखरी निर्माणबाट राम्रो रकम बच्ने भएकोले वन समूहका अध्यक्ष सुदर्शन लामिछाने पोखरी खन्ने काममा हौंसिएको उपभोक्ताहरूको आरोप छ । यसबारेमा प्रतिक्रिया लिन खोज्दा अध्यक्ष लामिछाने सम्पर्कमा आएनन् ।

पोखरी हुने गाउँघरमा चर्चा चलेको छ । अघिल्लो वर्ष पनि सोही वनक्षेत्रमा खनिएको पोखरीमा पानी जमेको थिएन । वन समूहका सल्लाहकार हस्तबहादुर कार्कीले समूहले गर्ने कामको बारेमा आफूलाई जानकारी नगराइएको गुनासो गरे ।

अहिले पोखरी खनिएको जमीनमा फलफूलको बगैंचा बनाउन सकिएको भएपनि वार्षिक लाखौं रकम वन समूहलाई आम्दानी हुन सक्थ्यो । आसपासका खेतबारीमा वर्षे पानीले डुबान पनि हुँदैनथ्यो । त्यसमाथि नदी उकास जमीनले आसपासका जमीन र बस्ती सुरक्षित हुन थप मदत पुग्ने देखिन्छ । अपारदर्शी काम र सोझासाझा उपभोक्ताहरूका आवाजलाई जबरजस्ती दबाउने काम केही वर्षदेखि भइरहेकाले उपभोक्ता सन्तुष्ट देखिँदैनन् ।

अध्यक्ष लामिछाने आफूले मात्र भनेको काम गर्दै आएका बागभैरव सामुदायिक वन उपभोक्ता समूहका उपाध्यक्ष रुद्र तिमल्सिनाको आरोप छ । उनले आम उपभोक्ताहरूको सुझाव, सल्लाहलाई लिएर संस्थागत विकासमा लाग्नुपर्ने बताए ।

# सम्मान कार्यक्रममा मन्त्री शर्माको गुनासो

प्रस, वीरगंज, ३० असार/

वीरगंज उद्योग वाणिज्य सङ्घले प्रदेश २ का खानेपानी तथा ऊर्जामन्त्री ओमप्रकाश शर्मालाई स्वागत तथा सम्मान गरेको छ ।




मङ्गलवार वीरगंजको दियालो लर्ड्स प्लाजामा आयोजित कार्यक्रममा वीउवासङ्घका अध्यक्ष सुबोध गुप्ताले प्रदेशमन्त्री शर्मालाई स्वागतसहित सम्मान गरेका थिए । शर्मा वीउवासङ्घका पूर्वअध्यक्ष पनि हुन् ।

कार्यक्रममा मन्त्री शर्माले आफूलाई अहिलेसम्म बस्ने कोठा र चढ्ने गाडीसमेत उपलब्ध नभएको गुनासो गरे । उनले अर्कै मन्त्रालयको कोठा र भाडाको गाडी प्रयोग गरिरहेको बताए । मन्त्री शर्माले आफ्नो मन्त्रालयमा ३५ करोड बजेट रहेको र आठवटै जिल्लाका समस्या पूरा गर्नुपर्ने दायित्व रहेको बताए । उनले आफूले आठवटा जिल्लामा खानेपानी नपुगेको ठाउँमा ओभरहेड टङ्की बनाएर पानी उपलब्ध गराउने कार्यलाई प्राथमिकतामा राखेको र आत्माराम ओझाको नाममा नोजल परियोजना सञ्चालन गर्ने बताए ।

मन्त्री शर्माले बारा, अमलेखगंजवासी लामो समयदेखि खानेपानीको सुविधाबाट वञ्चित भएकाले उनीहरूलाई सो उपलब्ध गराउने प्रतिबद्धता जाहेर गरे । उनले प्रदेश सरकारले ल्याएको बस र वारुणयन्त्र त्यत्तिकै थन्केका हुनाले वीरगंज–पथलैया औद्योगिक कोरिडोरमा दमकल र वीरगंज–पथलैया बस सञ्चालन गराउन वीउवासङ्घलाई पहल गर्न आग्रह गरे ।

कार्यक्रममा नगरप्रमुख विजयकुमार सरावगी, उद्योग वाणिज्य सङ्घ प्रदेश नं २ का अध्यक्ष गणेश लाठ, नेपाल पत्रकार महासङ्घका सचिव दीपेन्द्र चौहान, जिल्ला अध्यक्ष अनुप तिवारी, वीउवासङ्घका पूर्वअध्यक्षहरू अशोक बैध, अशोक टेमानी, गोपाल केडियालगायतले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रममा स्वागत वीउवासङ्घका अध्यक्ष गुप्ता र सहजीकरण मनोज उपाध्यायले गरेका थिए ।